# स्थानीय राजपत्र

नौकुण्ड गाउँपालिका, रसुवाद्वारा प्रकाशित

| खण्ड ९ | संख्या ४ | मिति २०८२।०५।३१ |
|---|---|---|


## भाग २

## नौकुण्ड गाउँपालिका

नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०८२ सालको कार्यविधि संख्या ४

# नौकुण्ड गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः**

नौकुण्ड गाउँपालिकाको भूगोल, जनजीवन, ऐतिहासिक, प्राकृतिक, आर्थिक, सामाजिक एवं अन्य विशिष्ट पहिचान गराई प्रतिक चिन्ह (लोगो) निर्माण गरी प्रयोगमा ल्याउन वाञ्छनीय भएकोले, नौकुण्ड गाउँपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७५ को दफा ३, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नौकुण्ड गाउँपालिकाकाको कार्यपालिकाको बैठकले यो कार्यविधि लागु गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "नौकुण्ड गाउँपालिका प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

नौकुण्ड गाउँपालिका, रसुवा

(२) यो कार्यविधि नौकुण्ड गाउँपालिकाको कार्यालयले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "लोगो" भन्नाले प्राकृतिक चिन्ह वा प्रतिक चिन्हलाई सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले प्रतिक चिन्ह छनोट समितिलाई सम्झनु पर्छ।

(ग) "संयोजक" भन्नाले समितिको संयोजकलाई सम्झनु पर्छ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्यलाई सम्झनु पर्छ।

(ङ) "सदस्य सचिव" भन्नाले समितिको सदस्य सचिवलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रतिक चिन्ह (लोगो) छनोट समितिको गठन तथा काम, कर्तव्य, अधिकार र मापदण्ड

३. **प्रतिक चिन्ह (लोगो) छनोट समितिको गठनः** (१) प्रतिक चिन्ह (लोगो) छनोट समितिको लागि देहाय बमोजिमको एक प्रतिक चिन्ह (लोगो) छनोट समिति हुनेछ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | - संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

४. **काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्यविधिले तोके बमोजिमको मापदण्ड तथा शर्तहरु बमोजिम लोगो छनोट गर्नुपर्नेछ।

५. **प्रतिक चिन्ह (लोगो) मा समावेश हुने मापदण्ड तथा शर्तहरुः** (१) प्रतिक चिन्हमा समावेश हुने मापदण्ड तथा शर्तहरु देहाय बमोजिम रहेको छ।

(क) गाउँपालिकाको नाम, गाउँपालिकाको आदर्श वाक्य “सुन्दर, सुखी, सुरक्षित-सुसंस्कृत र समृद्ध नौकुण्ड” नेपालको झण्डा, ९ वटा कुण्डहरु र ६ वडाहरु ईन्कित गाउँपालिका नक्सा अनिवार्य समावेश हुनुपर्छ।

नौकुण्ड गाउँपालिका, रसुवा

(ख) प्रतिक चिन्ह (लोगो) ले गाउँपालिकाको पहिचान, भाव, विशेषता तथा विशिष्टता झल्किने हुनु पर्छ।

(ग) कुनै जातीय विभेद र सम्प्रदायिकतालाई प्रश्रय हुने खालको सांकेतिकरण नभएको हुनुपर्छ।

(घ) राष्ट्रको सार्वभौमिकता, राष्ट्रिय एकता तथा भौगोलिक अखण्डतामा आँच आउने संकेत प्रयोग नभएको हुनुपर्छ।

(ङ) प्रतिक चिन्ह (लोगो) मा समावेश भएको संकेतहरुको संक्षिप्त व्याख्या गर्नु पर्छ।

(च) पेश भएको लोगो डिजाईनमा मुल्याङ्कन समितिबाट कुनै सुझाव प्राप्त भएमा परिमार्जित डिजाईन पेश गर्नुपर्नेछ।

(छ) प्रतिक चिन्ह (लोगो) को स्वीकृत तथा प्रयोग सम्बन्धी सर्वाधिकार गाउँपालिकामा निहित रहनेछ।

(ज) प्रतिक चिन्ह (लोगो) अन्यत्रबाट नक्कल नगरिएको र मौलिक हुनुपर्दछ।

(झ) स्विकृत हुने डिजाईनकर्तालाई पुरस्कार स्वरुप कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(ञ) प्रस्तावित लोगोको डिजाईन तोकिएको म्याद भित्र कार्यालयमा आई हार्डकपी वा ई-कपी मार्फत गाउँपलिकाको ईमेल ठेगानामा पेश गर्नु पर्छ।

(ट) प्रतिक चिन्ह (लोगो) कम्तिमा ३०० डि.पि.आई. भएको जे.पि.इ.जी फर्मेटमा हुनु पर्नेछ।

(ठ) प्रतिक चिन्ह (लोगो) पेश गर्दा डिजाईनकर्ताले अनिवार्य रुपमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्दछ।

(ड) गाउँपालिकाले खुला प्रतिष्पर्धाबाट लोगो निर्माणको लागि सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

६. **प्रतिक चिन्ह (लोगो) लागू हुने:** (१) समितिले प्रतिक चिन्ह (लोगो) छनोट गरी कार्यपालिकाबाट निर्णय भई राजपत्रमा प्रकाशित भए पश्चात सूचना प्रकाशन गर्नु पर्नेछ।

नौकुण्ड गाउँपालिका, रसुवा

७. **कार्यविधिको व्याख्याः** (१) यो कार्यविधिको व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ।

८. **संशोधनः** (१) आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्येनजर गरी कार्यपालिकाले प्रचलित कानूनसँग नबाझिने गरी यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।

प्रमाणिकरण मिति २०८२।०५।३१

आज्ञाले,
सुर्य बहादुर तामाङ
प्रमुख प्रशासकीय अधिकृत

नौकुण्ड गाउँपालिका, रसुवा